# वर्तमान सरकार गठन भएपश्चातको पहिलो १०० दिन भित्र खानेपानी मन्त्रालयबाट सम्पादन भएका मुख्य मुख्य उपलब्धिहरू




**<u>प्रतिबेदन प्रस्तुत गर्नेः</u>**


मा. प्रदीप यादव

मन्त्री

खानेपानी मन्त्रालय

सिंहदरबार, काठमाडौं


२०८१।०७।०६

## १. पृष्ठभूमि

सम्वत् २०८१ साल आषाढ ३१ गते सम्माननीय प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यूको नेतृत्वमा नयाँ सरकार गठन भएको र सो सरकार गठन भएको कार्तिक ६ गते १०० दिन पुगेको छ । यसअवधिभित्र खानेपानी मन्त्रालयबाट सम्पादन भएका प्रमुख उपलब्धिहरूको विवरण सार्वजनिक गर्ने प्रयोजनका लागि यो प्रतिवेदन तयार गरिएको छ । वर्तमान सरकारको खानेपानी मन्त्रीको रूपमा मैले मिति २०८१ असार ३१ गते खानेपानी मन्त्रालयमा पदभार ग्रहण गरेको थिएँ । मैले खानेपानी मन्त्रालयमा पदभार सम्हालेदेखि मन्त्रालय र मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरूबाट सम्पादन भएका उपलब्धिहरूको विवरण यस प्रतिवेदनमा प्रस्तुत गरेको छु ।

## २. मन्त्रालयमातहतका निकाय

नेपालको संविधानले स्वच्छ खानेपानी तथा सरसफाइको हकलाई मौलिक हकको रूपमा राखेको र सो अभिभारा पूरा गर्न संघीय सरकारको तर्फबाट यस मन्त्रालयअन्तर्गत देहायबमोजिमका निकायहरू क्रियाशील रहेका छन् ।

क) खानेपानी तथा ढल व्यवस्थापन विभाग
ख) मेलम्ची खानेपानी विकास समिति
ग) काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL)
घ) नेपाल खानेपानी संस्थान
ङ) खानेपानी महसुल निर्धारण आयोग
च) काठमाडौं उपत्यका खानेपानी लिमिटेड —आयोजना कार्यान्वयन निर्देशनालय (PID)
छ) काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (Valley Board)

## ३. १०० दिनको अवधिमा सम्पादन भएका मुख्य मुख्य कार्यहरूको विवरण

सरकार गठन भएको एक सय दिनभित्र गर्ने भनी सम्माननीय प्रधानमन्त्रीज्यूसँग वि.सं. २०८१ साल भदौ २७ मा भएको कार्यसम्पादन सम्झौताअनुसार देहायका क्रियाकलापहरू सम्पन्न भएका छन् ।

क) मनसुनका कारण बन्द रहेको मेलम्ची खानेपानी आयोजनाको पानी वितरण गर्ने लक्ष्य राखिएकोमा **वि.सं. २०८१ असोज २२ गतेदेखि मेलम्ची खानेपानी आयोजनाबाट काठमाडौं उपत्यकामा पानी वितरण सुरू गरिएको छ** ।

ख) न्युरोड-ठमेल क्षेत्रको थप ३० किलोमिटर पाइपलाइनको Functional Guarantee Test (FGT) सम्पन्न गरी नियमित रुपमा पानी सञ्चालन गर्ने लक्ष्य राखिएकोमा **ठमेल र ठमेलको प्रमुख एरियामा ३४.८९ कि.मि. पाइपलाइनको Functional Guarantee Test (FGT) सम्पन्न गरी नियमित रुपमा पानी संचालनको लागि तयार गरिएको छ** ।

ग) निर्माणाधीन किर्तिपुर (६० लाख लिटर) र महाँकालचौर (८० लाख लिटर) क्षमताको पानीपोखरीहरूको निर्माण सम्पन्न हुने लक्ष्य राखिएकोमा **दुवै पानीपोखरीहरूको निर्माण सम्पन्न भएको छ।**

घ) भेरी पम्पिङ खानेपानी आयोजनाको ठेक्का सम्झौता गरी आयोजनाको निर्माण कार्य सुरु गर्ने लक्ष्य राखिएकोमा **२८ अगस्ट २०२४ (भाद्र १२, २०८१) मा Zhejiang Teams International Economic and Technical Cooperation Company Limited, China सँग ठेक्का सम्झौता भई काम सुरू भएको छ।**

### ३.१. मन्त्रालयमातहतका निकायहरूबाट सम्पादन भएका उपलब्धिहरू

### ३.१.१. मेलम्ची खानेपानी विकास समिति

राष्ट्रिय गौरबको आयोजनाको रूपमा रहेको मेलम्ची खानेपानी आयोजनाको निर्माणको कार्य करिब करिब सम्पन्न हुनै लाग्दा २०७८ साल आषाढ र श्रावणमा आएको विनाशकारी बाढीले मेलम्ची खानेपानीको हेडवर्क्स क्षेत्रमा व्यापक क्षति गरेको कुरा

सर्वविदितै छ । त्यसपश्चात् हरेक वर्ष अस्थायी रूपमा मेलम्ची खोलाबाट पानी पथान्तरण गरी काठमाडौं उपत्यकामा ल्याउने गरिएको छ । गत वर्ष मेलम्चीको पानी माघ १ गते पछि मात्र काठमाडौं उपत्यकामा वितरण थालिएको थियो । यस वर्ष असोज महिनामा आएको अविरल वर्षाका कारण देशका अधिकाँश सडकहरू अवरूद्ध बनेका थिए भने काठमाडौं उपत्यकामा खानेपानी वितरण गर्ने प्रणालीहरूमा पनि व्यापक क्षति भएको थियो । खानेपानी प्रणालीहरू अवरुद्ध हुँदा सीमित रूपमा वितरण भइरहेको पानी समेत अनिश्चित बनेको थियो जसले गर्दा खानेपानीको हाहाकार थियो र पानीजन्य रोगहरू फैलन सक्ने जोखिम समेत थियो । अर्कोतर्फ, काठमाडौंमा पानी पथान्तरणको प्रयास भइरहँदा स्थानीय स्तरमा व्यापक विरोध तथा अवरोध भइरहेका थिए । यस विषम परिस्थितिमा मेलम्ची खानेपानी आयोजना सुचारू गरी काठमाडौं उपत्यकामा खानेपानीको सहज प्रवाह गर्नु मन्त्रालयको लागि प्रमुख चुनौती थियो । **यस चुनौतीलाई सामना गर्दै यस वर्षको दसैंभन्दा अगावै मिति २०८१ साल आश्विन २२ गतेदेखि मेलम्ची खानेपानी आयोजना संचालन गरी काठमाडौं उपत्यकामा स्वच्छ पानी वितरण गर्न मन्त्रालय सफल भएको छ । यसबाट काठमाडौं उपत्यकाका करिब २० लाख** जनसंख्या स्वच्छ खानेपानीको सुविधाबाट प्रत्यक्ष रूपमा लाभान्वित भएका छन् ।

अर्कोतर्फ, वि.सं. २०७८ सालको अप्रत्याशित विनाशकारी बाढीबाट क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजनाको मुहान रहेको अम्बाथानको Headworks पूर्ण रूपमा क्षति भएको हुनाले मनसुनको समयमा मेलम्ची खानेपानी आयोजनाको पानी वितरण बन्द गर्नुपर्ने तीतो यथार्थ हामीसामु छ । यस परिप्रेक्ष्यमा विपदबाट सुरक्षित स्थानमा नयाँ Headworks बनाई बाह्रै महिना पानी वितरण गर्नुपर्ने हाम्रो जिम्मेवारी रहेको छ । विभिन्न प्राविधिक अध्ययनले समेत साविकको Headworks प्रयोगमा ल्याउन नसकिने देखाएको छ । **यस कुरालाई मधयनजर गरी मेलम्ची खानेपानी आयोजनाको नयाँ Headworks निर्माण र सुन्दरीजलमा दैनिक २५ करोड ५० लाख लिटरको नयाँ पानी प्रशोधन केन्द्रको निर्माणका लागि मेलम्ची खानेपानी विकास समितिबाट प्रारम्भिक कार्य सुरूवात भइसकेको छ ।**

### ३.१.२. खानेपानी तथा ढल व्यवस्थापन विभाग

खानेपानी तथा ढल व्यवस्थापन विभाग ७७ वटै जिल्ला कार्यक्षेत्र रहेको मन्त्रालयमातहतको एक मात्र निकाय हो । यस विभागअन्तर्गत देशका विभिन्न स्थानमा जम्मा २० वटा संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरू रहेका छन् भने विभागअन्तर्गतका कार्यक्रमहरूलाई सहजीकरण तथा समन्वय गर्नका लागि आयोजना व्यवस्थापन कार्यालयहरू रहेका छन् । विभाग र विभाग अन्तर्गतका कार्यालयहरूबाट भएको उपलब्धिको विवरण देहायबमोजिम रहेको छ ।

**विभागअन्तर्गतः**

- तराई — मधेशका १७ जिल्ला (उदयपुर, सुनसरी, मोरङ, झापा, महोत्तरी, सिरहा, धनुषा, सर्लाही, पर्सा, बारा, रौतहट, रूपन्देही, कपिलवस्तु, नवलपरासी सुस्ता पश्चिम, कैलाली र कञ्चनपुर) मा निर्माण सम्पन्न नभई अधुरा रहेका, Overhead Tank बनेका तर वितरण सञ्जाल नभएका, जीर्ण भएका र थोरै बजेट भएमा संचालनमा आउन सक्ने २८० वटा अलपत्र रहेका आयोजनाहरूमा बजेट व्यवस्थापनका लागि राष्ट्रिय योजना आयोगमा अनुरोध गरिएको छ । आयोजना सम्पन्न गर्न अर्थ मन्त्रालयबाट बजेट व्यवस्थापन भएको खण्डमा छोटो समयमा नै करिब १५ लाख जनसंख्या खानेपानी सेवाबाट प्रत्यक्ष लाभान्वित हुनेछन् ।
- चालु आ.व. मा ७९ वटा खानेपानी तथा सरसफाइ आयोजनाहरूलाई बहुवर्षीय ठेक्का व्यवस्थापनमार्फत् कार्यान्वयन गर्नका लागि स्रोत सहमति उपलब्ध गराइदिनका लागि अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा अनुरोध गरिएको छ ।
- यस वर्षको आश्विन महिनामा आएको अविरल वर्षाका कारण सिर्जित बाढी — पहिरोजन्य विपदबाट क्षति भएका ५२५ वटा खानेपानी आयोजनाहरूको विवरण तयार गरिएको छ र क्षतिग्रस्त आयोजनाहरूको मर्मत तथा पुनर्स्थापनाका लागि कार्ययोजना तयार गरिएको छ ।

- विश्व बैंकको ऋण सहयोगमा सञ्चालित सुर्खेतस्थित भेरी पम्पिङ उप-आयोजना प्याकेज १ को ठेक्का सम्झौता भई निर्माण चरणमा प्रवेश गरेको छ । आयोजना सम्पन्न भएपश्चात् वीरेन्द्रनगर नगरपालिकाका करिब २ लाख ५० हजार जनसंख्या स्वच्छ खानेपानी सेवाबाट छिटै लाभान्वित हुनेछन् ।
- मनसुनका कारणले क्षति पुगेका विभिन्न खानेपानी प्रणालीहरूबाट अस्थायी रूपमा पानी वितरण गर्न संघीय आयोजना कार्यालयहरूको समन्वयमा पाइपहरू वितरण गरी आवश्यक प्रबन्ध मिलाइएको छ । साथै, मोबाइल भ्यानमार्फत् खानेपानी गुणस्तर जाँच गरी पानी शुद्धीकरणका लागि क्लोरिन उपलब्ध गराइएको छ ।
- मनसुनजन्य विपदबाट फैलन सक्ने सम्भावित महामारी तथा प्रकोपहरू नियन्त्रण गर्न जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको छ ।
- खानेपानी तथा ढल व्यवस्थापन विभागको संगठन तथा व्यवस्थापन सर्वेक्षणका लागि अर्थ मन्त्रालयको सहमति प्राप्त भइसकेकोमा यही बीचमा सरकार परिवर्तन भएपश्चात् पुनः नयाँ सरकारबाट सहमति प्राप्त गर्नका लागि अर्थ मन्त्रालयबाट अनुरोध भएकाले सोको तयारी गरी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिबेदनलाई अन्तिम रूप दिइएको छ ।
- सिन्धुली र मधेश प्रदेशका ६ जिल्लामा खानेपानीको संकट समाधान गर्नका लागि सुनकोशी मरिण डाइभर्सन आयोजनाबाट थोक रूपमा पानी लिई प्रशोधन पश्चात् वितरण गर्ने अध्ययन कार्य सम्पन्न भएको छ । यसको लागि करिब ४६ अर्व रूपैंया लाग्ने अनुमान गरिएको छ ।

**<u>विभागअन्तर्गतका निकाहरूबाट सम्पादित मुख्य मुख्य कार्यहरू</u>**

| क्र.सं. | निकायको नाम | सम्पादित मुख्य मुख्य कार्यहरू |
|---|---|---|
| १ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, पोखरा | ➢ खानेपानी गुणस्तरका ४ वटा खानेपानी आयोजनाहरू (कावासोती, अरूणखोला, बैरनी र वालिङ साना सहरी खानेपानी आयोजना) मा आंशिक रूपमा पानी संचालन गरिएको छ। |

| | | |
|---|---|---|
| | | यसबाट करिब ४८ हजार ५ सय जनसंख्या स्वच्छ खानेपानीको सेवाबाट लाभान्वित भएका छन् । |
| २ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, विराटनगर | ➢ २ वटा सहलगानी खानेपानी आयोजनाहरू (मेचीनगर र उर्लाबारी) निर्माण सम्पन्न भएको र आयोजनाको परीक्षण समेत सफलतापूर्वक सम्पन्न भई ४५,९८७ जनसंख्या स्वच्छ खानेपनी सेवाबाट लाभान्वित भएका छन् ।<br>➢ केन्द्रीय खानेपानी आयोजनाअन्तर्गत बेलडाँगी खानेपानी आयोजना, झापाको निर्माण सम्पन्न गरी परीक्षण कार्य सफलतापूर्वक सम्पन्न भई पानी वितरण सुरू गरिएको छ। यसबाट २३,७४३ जनसंख्या स्वच्छ खानेपानी सेवाबाट लाभान्वित भएका छन्। |
| ३ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, भक्तपुर | ➢ २०८१ सालको आश्विन महिनामा आएको अविरल वर्षाका कारण सिर्जित बाढी — पहिरोजन्य विपदबाट क्षति भएका खानेपानी आयोजना मर्मत गरी संचालन गर्नका लागि करिब २५ किमी पाइपलाइन वितरण गरिएको छ ।<br>➢ खानेपानी शुद्धीकरणका लागि Bleaching Powder, पियुष लगायत सामाग्रीहरू चारवटा स्थानीय तहमा वितरण गरिएको छ ।<br>➢ हर्रे टुनीबोटे खानेपानी आयोजनामा मनसुनजन्य विपदबाट क्षतिग्रस्त पाइपलाइनको मर्मत गरी खानेपानी संचालन गरिएको छ । यसबाट |

| | | |
|---|---|---|
| | | करिब १००० घरधुरीमा खानेपानीको प्रवाह सहज भएको छ। |
| ४ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, चितवन | ➢ विपदबाट क्षति भएका ११ वटा खानेपानी आयोजनाहरूको मर्मत र पुनर्स्थापना गरी खानेपानी सेवा संचालन गरिएको ।यसबाट ४६० घरधुरी लाभान्वित भएको । |
| ५ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, वीरगञ्ज | ➢ खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रमअन्तर्गतका १४ वटा खानेपानी आयोजनाहरूको निर्माण कार्य सुरू गरिएको छ । |
| ६ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, इलाम | ➢ केन्द्रीय खानेपानी आयोजनाअन्तर्गतको माङ्सेवुङ खानेपानी आयोजना सम्पन्न भएको छ। यसबाट ५५०० जनसंख्या स्वच्छ खानेपानी सेवाबाट लाभान्वित भएका छन् । |
| ७ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, जनकपुर | ➢ हैजा प्रभावित क्षेत्रमा पानी परीक्षण गरी पानीजन्य रोगको रोकथाम गर्न सहयोग पुर्याइएको छ । |
| ८ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, सुर्खेत | ➢ विभिन्न स्थानमा उपभोक्ताहरूले प्रयोग गरेका खानेपानीको मुहानदेखि धारासम्मको सम्बन्धित स्थानमा पानी परीक्षण गरी पानीको शुद्धता मापन गरी जनचेतना अभिवृद्धि गरिएको छ । |
| ९ | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, कैलाली | ➢ धनगढी उपमहानगरपालिका वडा नं. १ मा हैजाको प्रकोप देखिए पश्चात् पानी परीक्षण गरी ५००० वटा क्लोरिन ट्याब्लेट वितरण गरिएको छ। |

| | | |
|---|---|---|
| | | ➢ प्रदेश भौतिक योजना मन्त्रालयसँग समन्वय गरी मापदण्डबमोजिमको क्लोरिन झोल बनाई वितरण गरिएको छ ।<br>➢ जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनाअन्तर्गतको आदर्श साइलीगाढ खानेपानी आयोजनाको निर्माण कार्यको सुरूवात गरिएको छ । |
| १० | संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, जुम्ला | ➢ चुलिमालिका वृहत खानेपानी आयोजनाबाट आंशिक रुपमा पानी वितरण सुचारु भएको छ । यसबाट २५०० जनसंख्या लाभान्वित हुनेछन् । |
| ११ | जलवायु अनुकूलित बृहत् खानेपानी आयोजना, आयोजना व्यवस्थापन कार्यालय | ➢ २ वटा आयोजना (नौकुण्ड खानेपानी आयोजना,रसुवाको र महादेवखोला जलाशययुक्त खानेपानी आयोजना) को EIA को कार्यक्षेत्रगत शर्त तथा क्षेत्र निर्धारण स्वीकृतिका लागि वन मन्त्रालयमा पेश गरिएको छ ।<br>➢ गत आ.व २०८०/८१ मा स्रोत सहमति प्राप्त ११ ओटा आयोजनाहरुको ठेक्का सम्झौता सम्पन्न गरि निर्माणको चरणमा प्रवेश गरेका छन्। |
| १२ | केन्द्रीय खानेपानी आयोजना, आयोजना व्यवस्थापन कार्यालय | ➢ गत आ.व २०२८०/८१ मा स्रोत सहमति प्राप्त २ ओटा आयोजनाहरुको ठेक्का सम्झौता सम्पन्न गरि निर्माणको चरणमा प्रवेश गरेका छन्। |

### ३.१.३. काठमाडौं उपत्यका खानेपानी लिमिटेड (KUKL)

- सुन्दरीजल खानेपानी प्रणाली २०८१ असोज ११, १२ र १३ गतेको बाढीले क्षतिग्रस्त पश्चात मर्मत / सम्भार गरि पुनः संचालनमा आएको । महांकालचौर पानी वितरण केन्द्रबाट पानी वितरण हुने क्षेत्रहरुमा हप्ताको एक देखि डेढ घण्टा पानी वितरण गरिएको, जसले गर्दा उपभोक्ताहरुलाई विपद्को समयमा राहत उपलब्ध भएको छ।
- विपदको समयमा स्थलगत निरीक्षण पश्चात् बाढीले ध्वस्त बनाएका खानेपानी प्रणालीलाई आंशिक रुपमा संचालन गरिएको छ ।
- मेलम्चीको पानी सुन्दरीजल पानी प्रशोधन केन्द्रमा पथान्तरण गरि तत् पश्चात १४ वटा वितरण इलाकामा पानी संचालन गरी करिब २५,००० धारामा पानी वितरण गरिएको छ।
- फर्पिंग खानेपानी प्रणालीबाट ललिपुरमा आंशिक रुपमा पानी संचालन गरिएको । दक्षिणकालीस्थित कुटुहुरे मुहान संचालन गरी सैबु भैंसेपाटी खानेपानी प्रणालीमा करिब ४० लाख लिटर पानी प्रतिदिन भण्डारण गरी ललितपुर महानगरपालिका र चक्रपथबाहिर खानेपानी वितरण गरिएको छ ।
- २०८१ असोज १० देखि १३ गतेको बाढीले निम्त्याएको विपदमा काठमाण्डौं उपत्यका भित्रका खानेपानी प्रणालीमा पुर्याएको करिब ६३ करोड बराबरको क्षतिको प्रारम्भिक मूल्यांकन सम्पन्न गरिएको छ ।

### ३.१.४ काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड (Valley Board)

- दिनानुदिन घट्दै गइरहेको काठमाडौं उपत्यकाको भूमिगत पानीको real-time सतह मापन गर्न विभिन्न २१ स्थानमा Monitoring Well जडान गरिएको छ ।
- दिशाजन्य लेदो तथा फोहोरपानीको अनुसन्धान गरी फैलन सक्ने संक्रामक रोगहरुको बारेमा पूर्व जानकारी प्राप्त गर्नका लागि Waste Water Based Epidemic Surveillance System को ललितपुरको भैंसेपाटीमा स्थापना गरिएको छ।

### ३.१.५ काठमाडौं उपत्यका खानेपानी लिमिटेड — आयोजना कार्यान्वयन निर्देशनालय (PID)

- काठमाडौं जिल्लाका ठमेल, क्षेत्रपाटी, नरदेवी, अनामनगर समेत गरी थप ३४.८९ कि.मि. पाइपलाइनको कार्यगत सुनिश्चितता परीक्षण (Functional Guarantee Test (FGT)) सम्पन्न गरी नियमित रुपमा पानी संचालनको लागि तयार गरिएको छ ।
- कीर्तिपुरमा ६० लाख लिटर र महाँकालचौरमा ८० लाख लिटर क्षमताका पानीपोखरीको निर्माण सम्पन्न गरिएको छ।

### ३.१.६ नेपाल खानेपानी संस्थान

- दैनिक ४ करोड १० लाख लिटर क्षमतासहित पोखरा महानगरपालिकामा खानेपानी सुधार आयोजनाको अधिकांश कार्य सम्पन्न भई परीक्षणस्वरूप संचालनमा आएको छ।
- बिराटनगर महानगरपालिकामा करिब १ लाख जनसंख्यालाई स्वच्छ खानेपानी उपलब्ध गराउने उद्देश्यसहित खानेपानी सुधार आयोजनाको निर्माण कार्य सुरू गरिएको छ ।

### ३.२ खानेपानी मन्त्रालयबाट भएका थप अन्य कार्यहरू

- खानेपानी तथा सरसफाइ ऐन, २०७९ जारी भएता पनि सोको नियमावली हालसम्म नबनेको परिप्रेक्ष्यमा खानेपानी तथा सरसफाइ नियमावलीलाई नेपाल सरकार , मन्त्रिपरिषदमा स्वीकृतिको लागि पेश गर्ने अन्तिम तयारी भइरहेको छ।
- असोज १० देखि १३ गते सम्मको भारी वर्षापछिको बाढी, पहिरो तथा डुबानबाट प्रभावित खानेपानी तथा सरसफाइ आयोजनाको करिब रू. ६ अर्व बराबरको क्षतिको विवरण तयारी, प्रतिकार्य एवम् मर्मत कार्यको समन्वय तथा क्षेत्रगत भावी कार्य योजना तयारी गरिएको छ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा जलवायु परिवर्तनको असरलाई न्यूनीकरण तथा अनुकूलन गर्न Climate Rationale तयार गरिएको छ ।

## ४. उपसंहार

अन्त्यमा, वर्तमान सरकार गठन भएको १०० दिनभित्र खानेपानी मन्त्रालयले सन्तोषजनक उपलब्धि हाँसिल गरेको छ । १०० दिनको समय आफैंमा छोटो समय हो । यसैबीच आश्विन १० देखि १३ गतेको अविरल वर्षाका कारण सिर्जित बाढी पहिरोजन्य विपदबाट खानेपानी तथा सरसफाइ आयोजनाहरूमा अकल्पनीय क्षति पुगेको र त्यसबाट करिब २५ लाख जनसंख्या प्रत्यक्ष — परोक्ष रूपमा प्रभावित भएकाले बाढी — पहिरोको कारण अवरूद्ध खानेपानी तथा सरसफाइ प्रणालीको अनुगमन, प्रतिकार्य, मर्मत तथा पुनर्स्थापनाको लागि ठूलो समय खर्चिनुपरेको कुरा विदितै छ । तथापि, यस विषम परिस्थितिमा मेलम्ची खानेपानी आयोजना संचालन गरी दसैंको मुखमा काठमाडौं उपत्यकामा स्वच्छ खानेपानी उपलब्ध गराउनुलाई एक महत्वपूर्ण उपलब्धि मान्नुपर्ने हुन्छ । एक सय दिनभित्र सम्पन्न गर्नुपर्ने भनिएका केही क्रियाकलापहरू बाढी — पहिरोजन्य विपदका कारण सम्पन्न हुन बाँकी नै रहेका छन्। यद्यपि, बाढी — पहिरोपछि क्षति भएका खानेपानीको मर्मत, पुनर्स्थापना तथा पुनर्निर्माणका लागि यस मन्त्रालय कटिबद्ध रहेको छ ।हाल प्राप्त उपलब्धिले आगामी दिनका लागि आधारशीला तयार गरेको छ । सीमित स्रोत साधन तथा सीमित जनशक्तिका बीच यस प्रतिवेदनमा उल्लेखित प्रगति हाँसिल गर्न सहयोग गर्ने मन्त्रालयका सचिव, विभागीय प्रमुख, आयोजना प्रमुख, संस्थानका प्रमुखलगायत सम्पूर्ण कर्मचारी, आम उपभोक्ता, निर्माण व्यवसायी तथा सरोकारवाला सबै निकायमा मन्त्रालय हार्दिक आभार व्यक्त गर्दछ । साथै, आगामी दिनमा उल्लेख्य प्रगति हाँसिल गर्नमा मन्त्रालयले यहाँहरू सबैको साथ, सहयोग तथा रचनात्मक सल्लाह सुझावको अपेक्षा गर्दछ ।

**धन्यवाद !**